# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं ज्येष्ठ २७ गते २०११ साल [ अतिरिक्ताङ्क

## भाग २

## अर्थमन्त्रालयको सूचना

हि.के. । भा.वा. सं. फा. १-३।११-२ मिति २०११।२।२०

# नेपाल भारत वाणिज्यसन्धि कार्यान्वित गर्ने तथा भारतीय अन्तःशुल्क फिर्ता गर्नेबारेको नियमहरू

## प्राक्कथन

भौगोलिक स्थितिले गर्दा दैनिक जीवन वा उद्योग धन्दाको निमित्त चाहिने केही कच्चा र सबैजसो तयारी वस्तुहरू हामीले भारतबाट वा भारतको बाटो गरी अरु मुलुकबाट ल्याउनुपर्छ । भारतबाट पठाइने वस्तुहरूमध्ये तेल, चिनी, कपडा, सलाई जस्ता अनेकौं आवश्यक वस्तुहरूमा भारत सरकारको



390

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तःशुल्क लागेको हुन्छ । हाल यस्ता वस्तुहरू पैठारी हुँदा भारत सरकारले असुल गरिसकेको अन्तःशुल्कमा थप नेपाल सरकारको बजार भंसार महसूलसमेत लाग्ने भै सीमानावर्ती भारतका बजारका दाँजामा हाम्रो सरहदका बजारमा मालको मोल बढी हुन गै दुनियाँलाई महँगो र मर्का, तथा चोरी पैठारी गर्नेहरूले मौका पाई सरकारको आय र इमान्दार व्यापारिवर्गको कारोबारमा ठूलो धक्का परिरहेको छ । यस्तै भारतको बाटो गरी अरू मुलुकहरूबाट आउने वस्तुहरूमध्ये केवल काठमाडौंमा पैठारी हुने वस्तुहरूमा बाहेक अरूमा भारत तथा नेपाल दुवैको पैठारी-महसूल लागी आएको सवैमा विदितै छ ।

जतिसक्यो चाँडो अन्तःशुल्क फिर्ता हुने गरी भारतबाट वस्तुहरू पैठारी गर्ने व्यवस्था बसाल्न सकेमा र १९५० को नेपाल भारत बीचको वाणिज्य सन्धि लागू भइदिएमा दोहरो कर नलाग्ने भै देश र दुनियाँलाई कल्याण हुने देखिएकोले हाम्रो मित्रराष्ट्र भारतसँग दुइवर्षदेखि बराबर लेखापढी कुराकानी गरी हाल उपरोक्त दुवै कुराहरू सम्बन्धित विस्तृत नियम कार्य प्रणाली र व्यवस्थामा समेत दुइ सरकारको बीचमा मंजूरी भएकोले सहर्ष सर्वसाधारणलाई सो कुरा सूचित गर्दै उक्त बिस्तृत नियमहरू पनि साथै प्रकाश गरिएका छन् ।

यसअघिका नियमबाट भारत सरकारसँग धरौट रहेको महसूल फिर्ता पाउने भए तापनि महसूलबापत लाग्ने रकम भारत तथा नेपाल दुवै ठाउँमा बुझाउनु-पर्नेमा प्रस्तुत नियमबाट भारतको अन्तःशुल्क वा पैठारी-महसूल फिर्ता हुने गरी पैठारी गरिनेमा यस किसिमले पूँजी दोहरो नफस्ने भएको सबैले रुचाइनु हुनेछ ।

उपरोक्त अन्तःशुल्क फिर्ता हुने व्यवस्थाको सिलसिलामा अन्तःशुल्क लाग्ने भारतीय वस्तुहरूको निकाशी मनाही गर्नु परे तापनि जनसाधारणलाई असुविधा र मर्का नपरोस् भनी कुनै हदसम्म यस्ता वस्तुहरूको निकाशी गर्न पाइने नियमको मंजूरीको निमित्त भारत सरकारसँग कुराकानी भइरहेछ र कुरा मिल्नासाथ प्रकाश गरिनेछ ।

399.83

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपरोक्त अन्तःशुल्क फिर्ता हुने तथा सन् १९५० को भारत नेपाल वाणिज्य सन्धि लागू गर्ने व्यवस्थाबाट दुनियाँले सस्तो भाउमा वस्तुहरू पाउने, मुलुकको पैसा बाहिर कम जाने, हाम्रो निकाशी तथा पैठारी दुवै व्यापारमा वृद्धि हुने र सरकारको आय पनि बढ्ने मात्र होइन कि उक्त व्यवस्था सम्बन्धित नियमहरू पालना नगरी माल पैठारी गरेमा पैठारी गरिने वस्तुहरूको महसूल हाम्रो सरकारको ढुकुटी दाखिल हुनको बदलामा अन्य सरकारमा लाग्ने हुँदा व्यापारिवर्ग तथा जनसाधारण सबैले उक्त नियमहरूको पालना गरी मुलुकको समृद्धिको निमित्त होस्टेमा हैसे गर्नुहोला भन्ने अनुरोध गरिन्छ ।

उपरोक्त व्यवस्था तथा नियमहरू लागू हुने मिति पछि घोषित हुनेछ ।

आज्ञाले —

हिमालयशमशेर

सेक्रेटरी,–अर्थमन्त्रालय,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।